# न्याय प्रशासन सम्बन्धी बिशिष्टिकृत प्रशिक्षण कार्यक्रम

**Judicial Studies course**

## संचालन सम्वन्धी संक्षिप्त कार्यविधि

२०८०

चालु आव २०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार न्याय प्रशासन सम्बन्धी बिशिष्टिकृत तालिम संचालन देहायबमोजिम गर्ने:

१. **प्रशिक्षणको नाम (Title)**: Judicial Studies course

२. **प्रशिक्षार्थीको संख्या** : २५

३. **प्रशिक्षार्थीको न्यूनत्तम योग्यता** :

   १. कानूनमा स्नातक उपाधी प्राप्त गरी अधिवक्ताको रुपमा निरन्तर आठ वर्ष वकालत गरेको, वा

   २. कानूनमा स्नातक उपाधी प्राप्त गरी नेपाल न्याय सेवाको राजपत्राङ्कित पदमा कम्तीमा आठ वर्ष काम गरेको, वा

   ३. कानूनमा स्नातक उपाधी प्राप्त गरी कानूनको अध्यापन, अन्वेषण वा कानून तथा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा कम्तीमा आठ बर्ष काम गरेको

४. **प्रशिक्षार्थी छनौटको तरिका :**

   १. न्याय र कानूनको क्षेत्रमा कार्यरत सरकारी सेवाका अधिकृतहरुबाट : ५ जना

   २. कानूनमा व्यवसायीबाट : १० जना

   ३. कानूनको अध्ययन, अनुसन्धान वा अन्य क्षेत्रबाट : १० जना

   **नोट :**

   **१.** योग्यता र अनुभवको आधारमा तोकिएको संख्यामा परिवर्तन हुनसक्नेछ ।

   २. तोकिएको समूहमा आवश्यकता भन्दा बढी निवेदन पर्न आएमा पहिलो निवेदनलाई प्राथमिकता दिईने (First come first service) छ ।

   ३. कार्यरत संघ संस्थाका तर्फबाट सहभागी हुने प्रशिक्षार्थीले सम्बन्धित संस्थाको स्वीकृति वा मनोनयन पठाउनुपर्नेछ ।

   ४. प्रशिक्षार्थी छनौट सम्वन्धमा राष्ट्रिय न्यायिक प्रतिष्ठानको निर्णय अन्तिम हुनेछ।

५. **कार्यक्रम संचालन विधि** : मिश्रित (Hybrid)

   १. कम्तीमा २५% सत्रहरु राष्ट्रिय न्यायिक प्रतिष्ठानमा भौतिक रुपमा संचालन हुने र अन्य सत्रहरु भर्चुअल (virtual) रूपमा संचालन हुनेछ।

   २. भौतिक रुपमा उपस्थित हुँदा खाजाको व्यवस्था यस प्रतिष्ठानबाट हुनेछ । सो बाहेकका अन्य खर्चहरू जस्तै यातायात, वस्ने खाने अदि खर्च प्रशिक्षार्थी स्वंयले व्यहोर्नु पर्नेछ।

६. **भर्चुअल कार्यक्रम संचालनको समयः**

   १. बिहान बेलुका र कार्यालय समय बाहेक रहनेछ ।

   २. भौतिक उपस्थिति पूरा दिन संचालन हुनेछ ।

७. **आवेदन दिने मिति** : २०८०/१२/१ गतेदेखि २०८०/१२/७ गते ५:०० बजेसम्म ।

   १. शुल्क : आवेदन निःशुल्क ।

   २. छनौट भएका सहभागीले रु ५०००/- प्रतिष्ठानको ग्लोबल आइएमई बैंक (जुनसुकै) को खाता नं ३०१०१०१०००००४५२ मा जम्मा गरि भौचरको स्क्यान फर्मसँग संलग्न गरि रजिष्ट्रेशन गर्नुपर्नेछ।

८. **छनौट भएका उम्मेदवारको पहिलो सूची प्रकाशन** : २०८०/१२/१२

९. **रजिष्ट्रेशन गर्ने मिति** : २०८०/१२/१२ गतेदेखि २०८०/१२/१५ गतेसम्म

१०. **कार्यक्रम शुरु हुने मिति** : २०८०/१२/२० गतेदेखि

११. **कार्यक्रम सम्बन्धी अन्य जानकारी** :

१. कार्यक्रमको अवधि करिब तीन महिनाको अवधिमा २४० घण्टा रहनेछ।
२. यसमा १५ क्रेडिटको ५०० पूर्णाँङ्कको पाठ्यक्रम रहनेछ।
३. यसमा ५ मोड्युल रहनेछन्।

१२. **मोड्युल र यसमा विषयहरु** :

१. Module 1: Job Framework and Judicial Philosophy - 2 Credit
२. Module 2: Judgecraft- 3 Credit
३. Module 3: Judicial Resilience- 3 Credit
४. Module 4: International Human Rights Laws, International Humanitarian Laws and Gender Justice - 3 Credit- 2 Credit
५. Module 5: Bench Skills and Judgement Writing- 4 Credit

(Course details will be provided after registration)

१३. **परिक्षण विधि** :

१. Tutorials – २० अंक
२. टर्म पेपर लेखन – ३० अंक
३. लिखित परिक्षा – ५० अंक
४. उत्तिर्णाङ्क – प्रत्येक मोड्युलमा ५०% अंक प्राप्त गरेको हुनुपर्दछ।
५. लिखित परिक्षामा समावेश हुने कम्तिमा प्रत्येक मोड्युलमा ७५% र समग्रमा ९०% उपस्थित हुन अनिवार्य छ।
६. उत्तिणार्थ प्रशिक्षार्थीलाई प्रमाणपत्र प्रदान गरिनेछ।

१४. **अन्य जानकारी**

१. यस प्रतिष्ठानको भविष्यमा प्राज्ञिक कोर्ष संचालन गर्ने लक्ष्य रहेकाले सो अवस्थामा यस कार्यक्रमबाट आर्जन गरेको क्रेडिट सो कोर्षमा समावेश हुन सक्नेछ।
२. यो प्रशिक्षण उच्च अदालतका न्यायाधीशले गर्नुपर्ने न्यायिक कार्यका लागि समेत उपयोगी हुने अपेक्षा गरिएको छ।
३. यो कार्यक्रम पहिलो भएकोले प्रतिष्ठानको नियमित कार्यक्रम अन्तर्गत सरकारी श्रोतबाट संचालन हुनेछ।
४. यस सूचनामा प्रकाशित कुराहरूको व्याख्या गर्ने, जुनसुकै अवस्थामा परिवर्तन गर्न सक्ने अन्तिम अधिकार यस प्रतिष्ठानमा सुरक्षित रहेको छ।